# केबल एउटा कुरा महत्वपुर्ण छ

**Ps.James**

**Feb.24th,2022**

***प्रार्थना***

*प्रभु धन्यवाद , धन्यबाद , धन्यबाद आज संसारमा बिभिन्न प्रकारको माहामारी संङकष्ट आइरहेको छ । यो अबस्थामा हजुरको बचनमा लेखेको छ । जब संसारमा संङकष्ट आउने छ तब नडराओ त्यति खेर तल संसारलाइ हेर्ने होइन माथि तर्फ आफ्नो आखाँ उठाओ प्रभु तपाइले भन्नु भएको छ । प्रभु हामी यति खेर यो समयहरुमा कसरी खडा हुने र  हजुर माथि बिश्वास गरेर कसरी अगाडी बढ्ने हामीलाइ सिकाउनुस् प्रभु । हामी अहिले यो युगको अन्तमा छौ प्रभु बिश्वासको बिना हामी खडा हुन सक्दैनौ । संसारको बुद्धिले ज्ञानले सक्दैन प्रभु हजुरको ज्ञान र शक्तिले मात्र हामी सक्छौ प्रभु यो समय हजुरको बचनलाइ श्रेष्ट तुलाउदैछौ । किनभने हजुरले हजुरको बचनलाइ सबै भन्दा हजुरको नाम भन्दा पनि माथि राख्नु भएको छ त्यसैले हामीलाइ हजुरको बचन बुझ्नलाइ शक्ति सामर्थ दिनुस् प्रभु । यो सब बिन्ति प्रार्थना येशु मशिहको नाममा आमेन* ।

परमेश्वरले पहिलो शब्द उज्यालो होस् भनेर बोल्नु भयो । अगर परमेश्वरको मुखबाट यो शब्द ननिक्लेको भए हामी अन्धकारमा नै बस्नु पर्थ्यो । ज्ञानको अभाब अन्धकार हो अन्धकारमा मान्छे लड्छ । उज्यालो छ भने मान्छे लड्दैन । अनन्त जीवनको लागी ज्ञान चाहिन्छ । येशुले भन्नुभयो म हु बाटो , ज्योति , र जीबन । येशुको बचन येशुको जीबन हाम्रो लागी ज्योति हो । परमेश्वरको बचन भनेको ब्यक्तिको ज्ञान हो ।

२ कोरिन्थी ४:१८ [18]त्यसैले हामीले देख्ने नसकिने कुराहरू हामी सोच्छौं तर जे देख्छौं ती विषयमा होइन। प्रत्यक्ष देखिने कुराहरू क्षणिक हुन्छन् अनि हामीले देख्न नसकिने कुराहरू चाँहि सँधैको लागि हुनेछ।

हाम्रो आखाँ दृष्य कुरामा होइन अर्दिष्य कुरामा हो । किनभने दृष्य कुरा क्षणिक हुन्छन् । तर अर्दिष्य कुरा चाहि अनन्त सम्म रहन्छ । दृष्य कुरा केहि समयको लागी मात्र हो तर अर्दिष्यमा परमेश्वर हुनुहुन्छ । यो संसारमा हामी जिउदैछौ तर हाम्रो मन अदृष्य कुरा अर्थात माथि हुनुपर्छ । हामीले यस संसारमा जीउदै गर्दा खेरी जे जे हामी यस संसारमा गर्छौ यसको असर अनन्तकालको जीवनमा के हुन्छ त्यो सोचेर गर्नु पर्छ । एउटा नानी कक्षा १० मा उसको राम्रो मार्क आको छ भने त्यस पछि उसले भबिष्यमा उसलाइ के गर्नु छ त्यसको अनुसार उसले कलेजमा कोर्स लिन्छ । कति मार्क आएको छ त्यसको अनुसार चुनौती बढ्छ । र त्यो नानीले सोच्छ कुन चुनु भनेर त्यसै गरी हामी पनि सोच्नु पर्छ  यस संसारमा के चुनेको अनुसार अनन्तको जीबनमा त्यसको असर हुन्छ त्यसैले  अहिले देखि नै यो संसारमा नै  हामीले सोचेर मात्र यो जीवनमा काम गर्नु पर्छ । त्यसैले परमेश्वरले धनी मानिसलाइ भन्नुभयो हे मुर्ख तिमीले यस संसारमा गरेको काम को अनुसार तिमीले हिसाब दिनु पर्छ । आज हामी जीउदै गर्दा अनन्त कालको बास्तबिक्तामा जीउन सक्छौ । बिश्वासको जीवन भनेको हामीले परमेश्वरलाइ हाम्रो सारा प्राण , सारा आत्मा , सारा शरीरले प्रेम गर्नु हो ।यो बिश्वासीको जीवनमा गर्ने पहिलो कुरा हो । दोस्रो कुरा परमेश्वरको लागी के महत्वपुर्ण छ त्यो थाहाँ गर्न जरुरी छ ।

१कोरिन्थी १३:१३ [13]यसैले, यी तिन कुराहरू रहिरहनेछन् विश्वास, आशा र प्रेम। अनि यिनीहरूमा सबैभन्दा ठूलो हो प्रेम।

परमेश्वरको लागी तिन कुरा महत्वपुर्ण छ बिश्वास । आसा र प्रेम तर परमेश्वर भन्नुहुन्छ यी तिन मध्य प्रेम ठुलो हो । परमेश्वरलाइ मन पर्ने प्रेम द्धारा गर्ने बिश्वास हो ।

**२कोरिन्थी ५:७** [7]**हामी विश्वासको मार्ग दर्शनमा बाँचेका छौं-जे देख्छौं त्यसले होइन।**

हामीलाइ परमेश्वरले बिश्वासमा हिड्न र जीउनको लागी बोलाउनु भएको हो । आइतबारको दिन सबै जना बिश्वासमा मण्डली जान्छन् । सोमबार हो समस्या सोमबार बाट बिश्वास गयो । आइतबार देखि सनीबार सम्म बिश्वासमा हिड्नको लागी सिक्यो भने सबै कुरा गर्न सिक्छ । यो एक दिनको केहि घण्टाको कुरा होइन । बिश्वासमा हिडेर हिडेर एउटा ब्यक्तिको जीवनको हर कुरामा बिश्वासमा नै चल्नु पर्छ । यो परमेश्वरलाइ मन पर्छ । परमेश्वरको क्रम यस्तो छ ।

**रोमी १०:१३ हो, धर्माशास्त्रले भन्छ, "जसले परमप्रभुमा भरोसा राख्छ उसको उद्धार हुँदछ।"**
**तर मानिसहरूले प्रभुलाई पत्याउन भन्दा पहिले उहाँमा विश्वास गर्नुपर्छरु अनि विश्वास गर्न अघि, तिनीहरूले उहाँको बारेमा सुनन्नुपर्छ। तर उहाँको बारेमा सुन्नलाई कसैले उहाँ बारे तिनीहरूलाई प्रचार गर्नुपर्छ।**

पाचँ कुरा यता लेखेको छ । कसैले पनि येशुको नाम पुकारेमा उसको उद्धार हुन्छ । यदि तिनीहरुमा बिश्वास नै छैन भने कसरी उनीहरुले पुकार्न सक्छन् ? कसरी बिश्वास गर्न सक्छन् ?  यदि सुसमाचार प्रचार नै छैन भने कसरी सुन्न सक्छन् ?  प्रचारक पठाएन भने कसरी मान्छेले सुन्ने ? त्यसैले प्रचारक पठाउनु पर्छ ।

यशैया ६:८ [8]त्यसपछि मैले मेरो परमप्रभुको आवाज सुनें। परमप्रभुले भन्नुभयो, "म कसलाई पठाउन सक्छु? हाम्रा निम्तिको जाने?"यसकारण मैले भने, "म यहाँ छु। मलाई पठाउनुहोस्!"

बोलावट परमेश्वर देखि हो । परमेश्वर उहाँको पुत्र येशु परमेश्वरको प्रतिक हुनुहुन्छ । येशुको बारेमा प्रचार गर्नको लागी पठाउनु हुन्छ । हामीले जहिले पनि सुसमाचार सुनाउदा येशुको बारेमा भन्नु पर्छ । येशु को हुनुहुन्छ ,येशु यस संसारमा किन आउनु भयो ,उहाँ किन मर्नु भयो । यो सबै कुराहरु सुसमाचारको प्रचारमा हुनु पर्छ । यसरी येशुको बारेमा सिकाउदा मान्छेमा बिश्वास आउछ । यहाँ यशैया अगमवक्ताको दर्शनमा परमेश्वर भन्दै हुनुहुन्छ , म कसलाइ पठाउ ? प्रचारकहरु आफ्नै इच्छाको लागी र आफ्नै प्रचार गर्नको लागी र संसारलाइ उन्नति दिनको लागी  निक्लेका

हुदैनन् । प्रचारकहरु येशुलाइ उठाउनको लागी अनन्त कालको कुराहरु सिकाउनको लागी निक्लेका हुन्छन् । परमेश्वरले पठाउनु भएका प्रचारकहरु जसले अनन्त कालको शिक्षा दिन्छन् जसले येशुको बारेमा प्रचार गर्छन् र उहाँलाइ उठाउने त्यस्ता प्रचारकहरु थोरै छन् । जब परमेश्वरले मेरो लागी को जाने भन्दा यशैयाले भने म हाजीर छु प्रभु ।

यहुन्ना १:६ [6]परमेश्वरद्वारा पठाइएको यूहन्ना नाउँका एकजना मानिस थिए।

परमेश्वर बाट पठाएको एउटा मानिस थिए जसको नाम यहुन्ना थियो । यहुन्नाको मुख बाट आउने बचन अलग्गै हो उसको पहिला शब्द प्रस्चाताप गर होइनभने मन फिराओ । उनले भने अनन्त कालको राज्य आइसकेको छ बिश्वास गर । परमेश्वरले पठाएको मान्छेहरुको बचन नै अलग्गै हुन्छ । संसारको सिक्षा दिने सिक्षकहरुले संसारको कुरा , आखाँले देख्ने कुरा र तत्कालिन कुरा मात्र सिकाउछन् । तर परमेश्वरले पठाउनु भएको मान्छेले तत्कालिन कुराहरुको बारेमा सिकाउदैनन् ,उनीहरुको बचन नदेखेको कुरा श्वर्गिय कुरा र परमेश्वरको राज्यको बारेमा हुन्छ ।

लुका ४:१८ [18]परमप्रभुको आत्मा ममथि छ। परमेश्वरले मलाई अभिषेक गर्नुभएकोछ, केही पनि नभएका मानिसहरूमा सुसमाचारहरू सुनाउनलाई परमेश्वरले मलाई घोषणा गर्नु पठाउनु भएकोछ, कैदीहरूलाई मुक्त पार्न अनि अन्धो मानिसहरूलाई देख्न सक्ने पार्न अनेकौं यातनामा पिल्सिएका मानिसहरूलाई मुक्त पार्न परमेश्वरले मलाई पठाउनु भएकोछ।

यहुन्नालाइ परमेश्वरले पठाउनु भयो । येशुलाइ परमेश्वरले पठाउनु भयो । येशुले चेलाहरुलाइ पठाउनु भयो र त्यस पछि ७० जनालाइ बोलाएर पठाउनु भयो । त्यस पछि मृत्यु बाट बौरी उठे पछि फेरी येशुले १५० जनालाइ अभिशेक गरेर पठाउनु भयो । यि पठाइएका मान्छेको शिक्षा अलग हुन्छ । यिनीहरुले बिश्वासमा चल्नको लागी सिकाउछन् । संसारको सबै कुरामा पैसाले चल्छ । तर परमेश्वरको राज्यमा बिश्वासले चल्छ । हामी नर्सरी देखी नानीहरुलाइ स्कुल पैसा कसरी बनाउने त्यो सिक्नको लागी पठाउछौ । डिग्री के को लागी लिन्छन् पैसा कमाउनको लागी । तर मण्डली पैसा बनाउन सिकाउदैन यहाँ त अनन्त कालका कुराहरु सिकाइन्छ । अनन्तकालमा उत्तराधीकारी हुनको लागी र त्यहाँ हाम्रो लागी मुकुट राखेको छ त्यो पाउनको लागी सिकाइन्छ । परमेश्वरले नपठाएको प्रचारक पनि छन् । त्यस्ता प्रचारक को पनि समस्या छ ।

रोमी १०:१६ तर सबै यहूदीहरूले त्यो सुसमाचार स्वीकार गरेनन्। यशैयाले भने, "परमप्रभु हाम्रो सन्देशलाई कसले विश्वास गरे?"

प्रचारक प्रचार गर्न जान सक्छ । तर कसैले बिश्वास गर्छ गर्दैन ग्यारेण्टि छैन । हामी प्रचार मात्र गर्न सक्छौ । बिश्वास गर भन्न सक्छौ बिश्वास गर्छ कि गर्दैन थाहाँ छैन ।
[17]यसैले सुसमाचार सुनेपछि विश्वास आउँदछ। अनि यदि कसैले मानिसलाई ख्रीष्टको बिषयमा बताए तिनीहरूले सुसमाचार सुन्नेछन्।

प्रचार सुने पछि बिश्वास आउने भएकोले बिश्वास गरोस् नगरोस् प्रचार गरेको गरै गर्नु पर्छ । एक चोटि त्यो प्रचार बाट बिश्वास आयो भने जीवन बदल्छ । कति चोटि हामी उत्पति देखि प्रकास सम्म सिकाएर सिकाएर कति बर्ष बित्दा पनि येशु को हो थाहाँ नै छैन । बिश्वास नै छैन । येशुले हामीलाइ यसरी भन्नु हुन्छ ।

मर्कुस ११:२२ [22]यशूले जवाफ दिनुभयो, "परमेश्वरमा विश्वास राख।
मर्कुस ९:[23]येशूले ठिटोको बाबूलाई भन्नुभयो, "तिमीले भन्यौ, 'यदि तपाईंले सक्नुहुन्छ भने?' यदि कसैले विश्वास गर्यो भने हरेककुरा सम्भव हुन्छ।"

संसारका मान्छेहरु भन्छन् पैसा छ भने सबै कुरा सम्भब छ । तर आइ, सि ,यु मा पुग्दा खेरि थाहाँ हुन्छ । सबै कुरा पैसामा सम्भब छैन । तर परमेश्वर भन्नुहुन्छ जसले परमेश्वरलाइ चिनेको छ र उहाँको उदेस्य र उहाँको इच्छा थाहाँ छ र उहाँको उदेस्य र उहाँको इच्छामा गर्ने बिश्वासमा हर कुरा सम्भब छ । येशु परमेश्वरको इच्छा पुरा गर्नको लागी यस संसारमा आउनु भयो उहाँको इच्छा अनुसार हरदिन येशु बिश्वासमा चल्नु भयो ।जसले गर्दा येशुको लागी हर काम सम्भब भयो । हामी सबै कुरा गर्न सक्छौ होइन त्यो गर्न पनि पर्दैन तर जब हामी परमेश्वरको इच्छामा हामी हर दिन चल्छौ भने यो जीवनको लागी बिश्वास द्बारा सबै सम्भब हुन्छ । यदि कसै माथि हामीले बिश्वास राख्नको लागी हामीलाइ त्यस ब्यक्तिको बारेमा जान्न जरुरी छ र उसको बारेमा धेरै कुरा थाहाँ भए पछि मात्र हामी उसलाइ बिश्वास गर्न सक्छौ । त्यसरी नै परमेश्वरलाइ बिश्वास गर्नको लागी परमेश्वरको ज्ञानमा हामी अगाडि बढ्नु पर्छ । उहाँको ज्ञानमा अगाडि बढ्नको लागी परमेश्वरको बचन पढ्नु पर्छ । परमेश्वरको बचनमा सबै परमेश्वरको बारेमा मात्र लेखेको छ । कति जनाले पुरा परमेश्वरको बचन पढे पछि पनि बिश्वास गर्दैनन् । ज्ञान र बिश्वास अलग अलग हो बिश्वास आउनको लागी परमेश्वरको बचनमा बिश्वास हुनु पर्छ ।

२पत्रुस १:२ [2]तिमीहरुलाई अधिकभन्दा अधिक अनुग्रह अनि शान्ति प्रदान गरियोस्। तिमीहरुले अनुग्रह अनि शान्ति प्राप्त गर्नेछौ, किनकि तिमीहरुले परमेश्वर अनि हाम्रा प्रभु येशूलाई चिन्दछौ।
संसारमा पैसा जस्तो चल्छ । परमेश्वरको राज्यमा अनुग्रह चल्छ । संसारमा ए,टि,एम मा कार्ड लगाउदा ब्याङ्कमा पैसा छ भने पैसा निकाल्न सकिन्छ । त्यसै गरी बिश्वास छ भने ए,टि,एमको कार्ड जस्तै हो बिश्वास ।यो बिश्वासको कार्डले अनुग्रह निकाल्न सकिन्छ । अनुग्रह परमेश्वरको राज्यको सामर्थ हो । सामर्थ भनेको हामी जुन सुकै समस्यामा परे पनि अनुग्रहको सामर्थ छ भने समस्या नै हुदैन । पावलले भन्यो मेरो शरीरमा एउटा समस्या छ त्यो बाट छुटकारा दिनु प्रभु भन्दा परमेश्वरले मेरो अनुग्रह नै काफि छ तेरो लागी भन्नुभयो । अनुग्रह छ भने शान्ति हुन्छ । जति जति अनुग्रहमा बढ्दै जान्छ त्यति त्यति शान्ति हाम्रो जीवनमा आउछ । हाम्रो जीवनमा परमेश्वरको अनुग्रहमा बढ्नको लागी परमेश्वरको ज्ञान चाहिन्छ । परमेश्वरको ज्ञान बाट आउछ बिश्वास ।

रोमी ५:२ 2 ख्रीष्टको माध्यम र हाम्रो विश्वासको कारण हामीले अनुग्रहमा प्रवेश पाएकाछौं जहाँ हामी अहिले उभिएकाछौं अनि परमेश्वरको महिमा पाउने आशामा हामी आनन्द मनाइरहेछौं।

संसारको मान्छेले दुइटा कुरा खोज्छ एउटा पैसा अर्को घरमा सान्ति । त्यसै गरी बिश्वासीले पनि दुइ वटा कुरा खोज्छन् एउटा परमेश्वरको अनुग्रह अर्को परमेश्वको शान्ति । संसारको पैसाले गर्न नसक्ने कुरा परमेश्वरको अनुग्रहले सबै कुरा गर्न सक्छ । अनुग्रहको लागी सिमा छैन । बिश्वासले सबै कुरा गर्न सक्छ भनेको यो बिश्वासको ए,टि,एम कार्डले अनुग्रह निकाल्न सक्छ । येशु यस संसारमा अनुग्रहले पुर्ण भएर आएको कारण उहाँले गर्न नसक्ने केहि कुरा पनि थिएन ।

यहुन्ना १:१६ [16]उहाँ वचन अनुग्रह र सत्यको भण्डार हुनुहुन्छ। हामीले उहाँबाट धेरै आशिष पाएका छौं।

येशु अनुग्रहले भरेर आएको कारणले हर चमत्कारको कुरा उहाँले गर्नु भयो यति सम्म कि क्रुसमा पनि अनुग्रह कै कारणले चढ्न सक्नु भयो उहाँको अनुग्रह बाट हामीले अनुग्रह माथि अनुग्रह पाएका छौ । उहाँ अनुग्रहले पुर्ण भएको हुनुहुन्थ्यो कारण उहाँ परमेश्वरको ज्ञानमा पुर्ण हुनुहुन्थ्यो ।

यहुन्ना १:१४ [14]वचन शरीर हुन आए र हामी माझ बसे। हामीले उहाँको महिमा देख्यौं, अनि हामीले पिताका एकमात्र पुत्रको महिमा जस्तो उहाँको महिमा देख्यौं। वचन अनुग्रह र सत्यताले पूर्ण थियो।

येशु अनुग्रहले मात्र होइन तर सत्यताले पुर्ण हुनुहुन्थ्यो । सत्य भनेको परमेश्वरको ज्ञान हो । यशैयाको ६५ मा भन्छ परमेश्वर सत्य हुनुहुन्छ । बचन सत्य हो , आत्मा सत्य हो । परमेश्वरको ज्ञानले भरिएको कारण येशु अनुग्रहले र आत्माले भरिनु भयो । हाम्रो जीबनमा पनि हामी संग परमेश्वरको बारेमा कति ज्ञान र सत्य छ त्यसको अनुसार मात्र हाम्रो जीवनमा अनुग्रह र आत्माले भरिन सक्छौ । परमेश्वरको सत्यतामा बढ्यौ भने अनुग्रहमा पुर्ण हुन सक्छौ । विश्वासीहरुको लागी एउटा मात्र मार्ग देखाको छ अर्को मार्ग छैन । त्यो बिश्वासको मार्ग हो । र बिश्वासको मार्गमा चल्नको लागी परमेश्वरको ज्ञानमा अगाडी बढ्नु पर्छ ।

लुका २४:४५ [45]त्यसपछि उहाँले धर्मशास्त्रहरूमा लेखिएका सबै कुराहरू बुझ्न मन खोली दिनु भयो।

परमेश्वरको ज्ञान छ तर समझ छैन । परमेश्वरले समझ खोल्नु भएन भने हामीले परमेश्वरको सत्यलाइ बुझ्दैनौ । त्यसैले हामीले प्रार्थना गर्नु पर्छ कि हाम्रो समझको आत्मा खोलिदिनुस् भनेर । चेलाहरुको समझको आखाँ खोले पछि हो चेलाहरुले धर्मशास्त्रमा येशुको बारेमा लेखेको कुरा देखेको । येशु हाम्रो आखाँ खोल्न पनि सक्नु हुन्छ र बन्द पनि गर्न सक्नुहुन्छ । दिमासको बाटोमा येशु जादै गर्नु हुदा दुइ जना चेलाहरु येशु संगै थिए तर उनीहरुको आखाँ येशुले बन्द गरीदिएको कारणले उनीहरुले येशुलाइ चिन्न सकेनन् । जब तक परमेश्वर हाम्रो आखाँ खोल्नु हुन्न परमेश्वरको ज्ञान हामीमा हुन सक्छ तर समझ हामीमा हुदैन । सदुकी फरीसिहरु परमेश्वरको ज्ञानमा पुर्ण थिए तर उनीहरुले बुझ्न सकेनन् । उनीहरुको समझको आखाँ बन्द थिए जसले गर्दा उनीहरुले येशुलाइ क्रुसमा चढाए । त्यसै गरी हामीमा पनि ज्ञान छ तर समझको आखाँ खोलेको छैन भने हामी पनि सत्यलाइ तिरस्कार गर्छौ । र येशुलाइ पटक पटक क्रुशमा टाङछौ । त्यसैले हामीले हर दिन प्रार्थना गर्नु पर्छ हाम्रो समझको आखाँ खोलिदिनुस् भनेर । तेस्रो कुरा ज्ञान छ समझ छ

[52] येशू शारीरिक रूपमा र बुद्धिमा बढदै हुनुहुन्थ्यो अनि परमेश्वर र मानिसहरूबाट अनुग्रह पाइरहनु भएको थियो।

तेस्रोमा बुद्धि हो । येशु ज्ञान , समझ र बुद्धिमा बढ्दै जानु भयो । बुद्धिमा बढेन भने परमेश्वरको अनुग्रहमा बढ्न सक्दैन । हाम्रो बुद्धिको अनुसार हामीले अनुग्रह पाउछौ । येशु बुद्धिमा बढ्दै जानु भएको कारणले गर्दा परमेश्वरको अनुग्रह पाइरहनु भयो ।

फिलिपी ३:१७ [17]दाज्यू-भाइ, दिदी-बहिनीहरू, तिमीहरू सबैले म बाँचे झैं बाँच्ने चेष्टा गर्नुपर्छ। अनि ती मानिसहरूलाई पछ्याउ जसले हामीले बताएका तरिकामा बाँचिरहेका छन्।

हामी सबै जना एक अर्काको अनुकरण गर्छौ । यदि हामी कपाल काट्न गयौ भने त्यहाँ सोध्छ कस्तो काट्नु । जुनै सुकै साधारण भन्दा साधारण स्टाइल पनि आफ्नो होइन अर्काकै स्टाइल हो त्यसैले हामी सबै जना एक अर्काको अनुकरण गरेर जिउने गर्छौ । येशु पनि यस संसारमा आएर आफ्नै बाबाको अनुकरण गरेर परमेश्वरको जस्तै जीउनु भयो । बाबाले नगर भनेको एउटा कुरा पनि गर्दिन भनेर भन्नु भयो त्यसै गरी बाबाले गर् भनेर भनेको सबै कुरा गर्छु भन्नुभयो । पावलले भन्छन् मेरो अनुकरण गर्नु । बिश्वासमा चलेका मान्छेहरुको अनुकरण गर्नु । त्यसैले हामी सबैलाइ एउटा न एउटा मोडल चाहिन्छ । जसको हामी अनुकरण गर्न सकौ । त्यसैले येशुको अनुकरण गर्ने हो भने हामी पनि परमेश्वरको ज्ञानमा , समझमा र बुद्धिमा येशु जस्तै अगाडि बढ्नु पर्छ जसले गर्दा हामी परमेश्वरको प्रसस्त मात्रामा अनुग्रह प्राप्त गर्न सकौ ।

लुका २:४५-४६ [45]तर यूसुफ र मरियमले उहाँलाई तिनीहरू बीचमा नदेख्ता तिनीहरू उहाँलाई खोज्न यरूशलेम फर्के।
[46]तीन दिनपछि तिनीहरूले उहाँलाई मन्दिरमा भेटे। येशू मन्दिरमा धार्मिक शिक्षकहरूसंग तिनीहरूका कुराहरू सुन्दै र तिनीहरूलाई प्रश्न गर्दै बसिहनु भएको थियो।

तिन दिन येशुलाइ उनीहरुले खोज्दै थिए तर येशुले उनीहरुलाइ खोज्नुभएन । १२ शालको एउटा केटा यदि अरु १२ शालको केटा भएको भए हराउदा त आमा भनेर रुन्छन् । तर येशु त तिन दिन मन्दिरमा नै बस्नुभयो बचन सुनेरै बस्नु भयो उहाँ आतिएर आफ्नो आमालाइ खोज्दै हिड्नु भएन । येशु ज्ञानमा बढ्नुको कारण मन्दिरमा बसेर ३ दिन परमेश्वरको बचन सुन्दै हुनुहुन्थ्यो । हामी ३० मिनट पनि परमेश्वरको बचन सुन्न सक्दैनौ त्यसैले हामी परमेश्वरको ज्ञानमा बढन सक्दैनौ र जसले गर्दा उहाँको अनुग्रह पनि थोरै मात्र पाउछौ ।

एफिसी १:१७ [17]म सँधै हाम्रा प्रभु येशू ख्रीष्टका महिमामयी पिता परमेश्वरलाई प्रार्थना गर्दछु कि उहाँले तिमीहरूलाई यस्तो आत्मा दिऊन् जसले परमेश्वरको बारेमा ज्ञान र प्रकाश होस् र उहाँलाई पुरै बुझ्न सक्ने बनाउन्।

उ संग ज्ञान छ समझ छ बुद्धि छ त्यति मात्र होइन त्यसको साथ साथै प्रकासको आत्मा पनि छ । लास्टमा चेलाहरु मध्य यहुन्ना मात्र बाकि छ यहुन्ना संग ज्ञान छ बुद्धि छ र समझ छ मात्र यि तिन कुराले प्रकाशको पुस्तक उसले लेख्न सक्दैनथ्यो परमेश्वरको प्रकास पनि हुन जरुरी छ । जब यहुन्नाले पटमोसको टापुमा आत्मामा परमेश्वरको आराधना गर्दा खेरी परमेश्वरको प्रकास यहुन्ना संग आयो । प्रकासको पुस्तक बुद्धिले मात्र , ज्ञानले मात्र , र समझले मात्र होइन त्यसको साथ साथै परमेश्वरको प्रकास को कारणले गर्दा हामीले प्रकासको पुस्तक पाएका हौ । दानिएल संग बुद्धि थियो ज्ञान थियो , समझ थियो यि तिन कुराले मात्र दानिएलको पुस्तक दानिएलले लेखेको होइन त्यसको साथ साथै दानिएल संग परमेश्वरको प्रकास पनि आयो जसको कारणले उनले दानिएलको पुस्तक लेख्न सके । बिश्वासको जीवनमा सबै भएर पनि परमेश्वरको प्रकास छैन भने हामी अगाडि बढ्न सक्दैनौ । यो सबै परमेश्वरको ज्ञान देखि पाएको परमेश्वरको ज्ञान भनेको समझ , बुद्धि र प्रकास यि तिनै कुराहरु हुन् ।  परमेश्वरले हजिरा संग हजिरा तिम्रो छोरा रोएको आवाज मैले सुने उठ् तिमीहरु मर्दैनौ भनेर भन्नुभयो । त्यस पछि उनीहरुको आखाँ खोलियो त्यस पछि उनीहरुले आफ्नै अगाडि पानी देखे । कति चोटि हामीले खोजेको कुरा नजिक हुन्छ फेरि पनि हामी संग परमेश्वरको प्रकास छैन भने हामीले त्यो देख्न सक्दैनौ । प्रकास भनेको एउटा आत्मिक सत्य हो । अगमबाणी भनेको ,श्वप्न भनेको ,दर्शन भनेको, प्रकासको भाग हो । कहिले काहि हामी संग प्रकास छैन भने हामी मर्छौ । दानियल र उसका तिन वटा साथीहरु प्रकास पाएन भने मर्नै थियो । किनभने राजाले एउटा सपना देखेको थियो । राजाले भन्यो मैले सपनामा के देखे र यसको अर्थ के हो ? यदि कसैले पनि भन्न सकेन भने म त्यसलाइ मारिदिन्छु भनेर भन्यो । सपनाको अर्थ त सबैले भन्ने थिए होला तर राजाले के के सपनामा देखे त्यो राजाले नभनी अरुलाइ भन्न लगाए । र राजाले मान्छेलाइ मार्न शुरु गरे त्यसपछि दानियलले राजा संग बिन्ति गरे मलाइ अलि समय दिनुस् ताकि म मेरो परमेश्वर संग प्रार्थना गर्नेछु । त्यस पछि दानियल फास्टिङमा र प्रार्थनामा बस्दा खेरी परमेश्वरले दानियललाइ राजाको सपना प्रकास गरिदिनुहुन्छ । बुद्धि , ज्ञान र समझले मात्र हो भने दानियल मर्ने थियो । तर परमेश्वरको प्रकासको कारणले गर्दा उनीहरु बाँचे । कति चोटि हामी संग बुद्धि ,ज्ञान, समझ सबै भएर पनि हामी अगाडी बढ्न सक्दैनौ । किनभने हामी संग परमेश्वरको प्रकास हुदैन । एलियाको समयमा त्यो बिधवा स्त्री जसको पति अगमबक्ता थियो र उ मर्‍यो । उनको पति मरे पछि उनको घरमा मान्छेहरु आए र उनको दुइ वटा छोराहरुलाइ दासको रुपमा लिएर जानलाइ मान्छेहरु आए त्यतिखेर एलिया उनको घरमा आएर उनलाइ सोधे तिमी संग के छ ? उनले मुख खोलेर भनीन् केहि छैन , अलिकति तेल र थोरै पिठो छ भनेर भनीन् । प्रकास छैन भने त्यो स्त्री मर्छे । जीउनको लागी जे चाहिन्छ त्यो घरमै छ तर उनको आखाँ खोलेको छैन । के गर्नु थाहाँ छैन । त्यसपछि एलियाले भने घर भित्र गएर सबै खाली भाडा लिएर आउ र त्यस पछि घरको भित्र जाउ र ढोका बन्द गरेर तेलमा फुक र त्यो तेल लिएर गएर बजारमा लगेर बेच्नु भनेर भने । त्यो घरमा प्रकास आएको कारणले गर्दा त्यस घरको दुःख को अबस्था बाट छुटकारा भयो । यो सबै बिश्वासको कुरा हो । परमेश्वरको ज्ञान आउदा बिश्वास आउछ । बुद्धि , समझ , र परमेश्वरको प्रकास आउदा खेरी बिश्वास आउछ । यो सबै आत्मिक कुराहरु हो । मानिसहरु येशु भएको ठाउमा आएर चेलाहरु संग तिम्रो मालिकले कर तिर्छ ? भनेर सोधे । र येशुले भन्नु भयो राजा र राजाका छोराहरुले कर तिर्दैनन् र पनि धार्मिकताको लागी तिरीदिनु त्यस पछि येशुले  पत्रुसलाइ जा नदिमा गएर एउटा माछा समात र त्यो माछाको घाटिमा पैसा भेट्नेछौ र त्यस पैसालाइ लिएर आउ र मेरो र तिम्रो दुबैको कर देउ । यो ज्ञान , बुद्धि , समझ , केहि होइन यो परमेश्वरको प्रकास हो । येशुले आफ्नो जीवनमा यो सबै कुरा ज्ञान , बुद्धि , समझ र साथ साथै प्रकास पनि लिएर हिड्नु भयो । येशुले हामीलाइ बिश्वासको बाटो देखाउनु भएको हो यस्तै गरी हामी पनि चल्नु पर्छ । काना शहरको बिवाहमा दाख रस खतम भयो । येशुले भन्नुभयो घैटाहरु पानीले भर्दे । येशुले परमेश्वर बाट प्रकास पाएको कारण यो कुराहरु भन्न सक्नु भयो । त्यसैले परमेश्वरको ज्ञानले , बुद्धिले र समझले मात्र सन्तुष्ट हुनुहुदैन  ज्ञानको , बुद्धिको , समझको सिमा छ तर प्रकासको सिमा छैन । हामीलाइ हर कदममा परमेश्वरको प्रकास पनि चाहिन्छ । यि सबै कुरा हाम्रो जीवनमा आयो भने हामीले बिश्वासको सत्य थाहाँ पाउछ । बिश्वासमा एउटा किया छ त्यो प्रकासको अनुसार गर्नुपर्छ । हे येहुन्ना माथि आइजो भन्दा खेरी आयो भने आत्मामा जान सक्छ । होइन म आउदिन भन्यो भने प्रकास रोकिन्छ । अहिलेको संसारमा परमेश्वरको प्रकास छैन भने अगाडी बढ्नै सक्दैन ।

२ राजा ६:२५ [25]सैनिकहरूले मानिसहरूलाई शहरभित्र खाद्य ल्याउन दिएनन्। त्यसकारण सामरियामा डरलाग्दो अनिकाल भयो। सामरियामा यस्तो अनिकाल भयो कि एउटा गधाको टाउको चाँदीको अस्सी शेकेलमा बिक्री भयो। एक मुठ्ठी सिमीलाई चाँदीको पाँच शेकेलमा बिक्री भयो।

यो सबै कुराहरु  डिटेलले लेख्नुको कारण ठुलो र कठोर अनिकाल परेको थियो । हामी चमत्कारको काम हेर्छौ त्यसको साथ साथै अबस्था पनि हेर्नु पर्छ । परमेश्वर दुबै देखाउनु हुन्छ । ३८ शाल लङ्गडा भएर बसेको मान्छेलाइ येशुले उठ् भनेर भन्दा तुरुन्तै उठ्यो । १२ शाल रक्तस्राब भएर बसेकी आइमाइ येशुको कपडा छोइ तुरुन्तै निको भइ । हाम्रो जस्तो सुकै अबस्था छ भने पनि परमेश्वरको प्रकास आयो भने १ दिनमा नै त्यो परिस्थीति बाट निकाल्न सक्नुहुन्छ । यस्तो अबस्था छ गधाको टाउको किन्नको लागी पनि त्यस्तो महगो भयो त्यति सम्म अनिकाल भएको छ ।

२ राजा ७:१-२ लीशाले भने, "परमप्रभुको सन्देश सुन! परमप्रभु भन्नुहुन्छः 'भोलि यस समयसम्ममा प्रशस्त खाद्य हुनेछ र यो सस्तो पनि हुनेछ। सामारिया शहरको ढोकाको छेउ बजारमा एकजना मानिसले एक शेकेल चाँदी दिएर एक माना राम्रो पीठो अथवा दुइ माना जौंको पीठो किन्न सक्ने छ।'"
[2]तब राजाको छेऊमा भएका अधिकारीले परमेश्वरका जनलाई उत्तर दिए। अधिकारीले भने, "यदि परमप्रभुले अकाशमा झ्याल बनाए भने पनि यस्तो हुन सक्दैन।"एलीशाले भने, "तिमीले यसलाई आफ्नै आँखाले देख्ने छौ। तर तिमी त्यस खाद्य मध्ये केही पनि खान पाउने छैनौ।"

एलीशाले परमप्रभु भन्नुहुन्छ भनेर भन्नु भयो भोलि यहि समयमा अन्न सस्तो हुनेछ । त्यतिनै बेला एउटा राजाको अधिकारीले भने यदि परमेश्वरले आकाशमा झ्याल बनाए भने पनि यो सम्भब छैन । एक प्रकारले त्यो अधिकारीले भनेको कुरा ठिकै हो किनकी उनीहरु आखाँले हेरेर हिड्ने मान्छे थिए । सिरीयाको सेना पुरा आएका छन् पुरा सामरिया घेरेका छन् । यस्तो सस्तो हुनको लागी यो भन्दा पनि शक्तिशाली सेना मिश्र देश बाट आउनु पर्छ । मिश्र देश बाट सेना आउनको लागी कमसे कम २ महिना लाग्छ । मिश्र देश देखि अन्न आउनको लागी कम से कम १ महिना लाग्छ । पुरा मिलाएर कम से कम ३ महिना लाग्छ । एलिशाले त भोलि भन्दैछ । त्यसैले यो मान्छेलाइ बिश्वास गर्न गाह्रो भयो ।  यसको मतलब हो एलीशा संग परमेश्वरको प्रकास आयो ।

यशैया ५५:११ [11]यस्तै प्रकारले मेरा वचनहरूले मेरो मुख छाड्दछ अनि ती वचनहरूले केही नगरूञ्जेल सम्म फर्की आउँदैन्। मेरा वचनहरूले घटनाहरू घटाउने गर्छ जुन म चाहन्छु। मैले पठाएका ती वचनहरू आफ्नो काम गर्न सफल हुन्छन्।

मेरो मुख बाट निस्कने मेरो बचन ब्यर्थ म कहाँ फर्कने छैनन् । मैले इच्छा गरेको काम म पुरा गर्छु । परमेश्वरको मुख बाट आउने बचन मान्छेले खोज्छ ।

भजनसग्रह ११५:१६ [16]स्वर्गमा परमप्रभुको अधिकारमा छ। तर पृथ्वी उहाँले मानिसहरूका अधिकारमा दिनु भयो।

पृथ्वीको अधिकार परमेश्वरले मानिस जातिलाइ दिनु भएको छ । यो परमेश्वरको ब्यबस्था हो आदमलाइ परमेश्वरले यो पृथ्वीको अधिकार दिए पछि परमेश्वरले मानिस बिना एउटा काम पनि गर्नु हुन्न । सैतान पनि मानिस बिना केहि काम पनि गर्न सक्दैन । यि दुबैले केहि पनि काम गर्नको लागी मानिसलाइ खोज्छन् । परमेश्वरले सबै जिम्मावारी आदमलाइ दिनुभयो सैतान आएर हब्बाको कानमा आएर परमेश्वरको बिरुद्ध भट्कायो । यसरी सैतान पनि मानिस द्धारा काम गर्छन् । त्यसकारणले मानिसको बिचमा परमेश्वरको र सैतानको दुबैको मुख देखि बचन आउछ । परमेश्वर मान्छेको बिना काम गर्न सक्नुहुन्न होइन तर उहाँले गर्नु हुन्न ।

इजकिएल २२:३० [0]"देश रक्षाकोलागि पर्खाल बनाउन अथवा त्यही भत्केको भागमा उभिन एकजना मानिस मैले तिनीहरूको माझमा खोजें धाँदोमा उभिएर प्रार्थना गर्ने मानिस तर जसले त्यस्तो गर्न सक्थ्यो कुनै मानिस पनि पाउन सकिन।

परमेश्वरलाइ १०० जना चाहिदैन भयो भने राम्रै हो तर एक जना भए पनि परमेश्वरलाइ पुग्छ । यो पृथ्वी एउटा ब्यक्तिलाइ परमेश्वरले प्रधान गर्नु भयो । र एक जना मानिस द्धारा परमेश्वरले काम गर्नु भयो ।

२ इतिहास १६:९ [9]परमप्रभुको दृष्टि पृथ्वीभरि ती मानिसहरूलाई हेर्दै नजर राख्नुहुन्छ जो उहाँ प्रति विश्वसनीय छन् जसद्वारा उहाँले ती मानिसहरूलाई शक्तिशाली तुल्याउन सक्नु हुन्छ। आसा, तिमीले मूर्खता पूर्ण काम गर्यौ। यसर्थ अब उप्रान्त तिमीले युद्ध गरिरहनु पर्नेछ।"

परमेश्वरको दृष्टिले हर दिन मानिसहरुलाइ खोज्नु हुन्छ जस द्धारा परमेश्वरले काम गर्न सकोस् । सैतानले पनि हर दिन मान्छेलाइ खोजिहिड्छ ताकि उसलाइ चलाउनको लागी । सैतानले एउटा संसार बनाएको छ पृथ्वी होइन उसको आफ्नै एउटा संसार बनाएको छ । त्यो संसारमा मान्छेहरु आखाँमा चल्छन् । जब मान्छेहरु आखाँमा चल्छन् त्यसको मतलब हो उनीहरु सैतान द्धारा चलेका हुन् । बिश्वासमा चल्दा खेरी परमेश्वरले चलाउनु हुन्छ । बिश्वासमा चल्नु भनेको आखाँले नदेखेको कुरामा अनन्त कालको जीवनमा हाम्रो भरोसा राखेर चल्नु हो ।

हिब्रु ११:१ विश्‍वासको अर्थ हो, हामीले आशा गरेका कुराहरूको निश्‍चित छ। अनि विश्‍वासको अर्थ हुन्छ हामीले कुनै कुरालाई नदेखेता पनि त्यो वास्तविक छ भन्ने जान्नु।

विश्वासमा हिड्दा खेरि परमेश्वर हामीलाइ चलाउनु हुन्छ । आखाँले हेरेको कुरामा चल्दा खेरि सैतानले हामीलाइ चलाउछ । त्यसैले परमेश्वर भन्नुहुन्छ आखाँमा तिमीहरु नचल । हामी संग जति बुद्धि र ज्ञान भए पनि आखाँमा चल्छौ भने सैतानले नै चलाउछ । परमेश्वरमा चल्नको लागी बिश्वासमा चल्नु पर्छ । बिश्वास काहाँ देखी आउछ ? सुनाइ देखी आउछ र सुनाइ परमेश्वरको बचन देखी आउछ । त्यो सुनाइमा परमेश्वरको ज्ञान , बुद्धि , समझ र प्रकास मा पनि अलग अलग भाग छ । यदि हामी बिश्वासमा चलेनौ भने हाम्रो मन हाम्रो शरिर सैतानले नै चलाउछ । बिश्वास भनेको हाम्रो मनको सोच बिचार हाम्रो मनस्थिती नै बदल्नु पर्छ । रोमी १२ को २ मा भनेको जस्तै संसारको तरीकामा होइन हाम्रो मनलाइ पबिर्तन गर्नु पर्छ । प्रस्चाताप भन्नाले जीवनको अन्त सम्म प्रस्चाताप गर्नु पर्छ ।हाम्रो मन संसारको तरीकामा होइन हाम्रो मन बिश्वासमा बदल्दै बदल्दै लगेर येशु संसारमा कसरी चल्नु भयो हामी पनि त्यसरी नै चल्नु पर्छ । मनमा बदलेन भने काममा बदल्दैन ।

यशैया ६०:१ रो प्रकाश, यरूशलेम उठ! तेरो प्रकाश आइरहेछ परमप्रभुको महिमा तिमीहरूमाथि चम्किने छ।

तेरो प्रकास पहिला देखिनै थियो । अहिले तेरो आखाँ खोलेको छ । र त्यो तेरो प्रकास जो पहिला देखिनै थियो अहिले त काहाँ आएको छ । हाम्रो प्रकास हामी संग आएन भने हामी उठ्न सक्दैनौ । हजिरा संग परमेश्वरले उठ् बालकलाइ हातमा पकेर उठ् भन्नुभयो । हजीराको आखाँ खोलियो तिमी मर्दैनौ पानी यहि छ । तिम्रो छोरा अहिले मर्दैन मैले अब्राहाम संग बाचा गरेको छु । तिम्रो छोरा इसमाइल ठुलो देश हुन्छ । मैले आशिश दिएको मान्छे आशिशको अगाडि मर्न सक्दैन । यदि परमेश्वरको प्रतिज्ञाहरु हामी संग भएता पनि हामी संग परमेश्वरको प्रकास छैन भने हामी उठ्न सक्दैनौ । अब्राहाम प्रतिज्ञाको देशमा आयो तर उसलाइ के गर्नु पर्छ केहि थाहाँ छैन । अनि परमेश्वर आएर अब्राहामलाइ भन्नु भयो तेरो आखाँ उठाएर हेर र यो देशमा त हिड् । यि देशहरु मैले तलाइ र तेरो संतानको लागी दिएको छु । परमेश्वरको यो प्रकास पछि अब्राहामले बुझे म एक जगा घर बनाएर बस्न सक्दिन हर जगा तम्बु गाडेर बस्दै घुमिनै रहनु पर्छ । बचनमा लेखेको छ अब्राहाम , इसहाक र याकुब पालमा बास गरे । किनभने पालमा बास गर्ने यिनीहरु मात्र थिए । अरु सबै जना घरमा बास गरे । लुतले पनि घर बनाएर बसे मानिसहरुले भने होलान् यि ३ जना संग यति धेरै पैसा छ फेरि पनि घर बनाउदैनन् साहेद यिनीहरु अतिनै कन्जुस रहेछन् होला प्रकास नपाएका ब्यक्तिहरुले त यस्तै भन्छन् । हाम्रो जीवनलाइ हेर्दा पनि मानिसहरुले त्यस्तै भन्छन् किनकी उनीहरुले तत्कालिन कुरालाइ हेरेका हुनाले यस्तो सोच हुन्छ । जसले परमेश्वरको प्रकास पाएका छन् उनीहरुको जीवन नै अलग हुन्छ । उडाउ पुत्रको बारेमा हेर्यौ भने उ घर बाट निस्केर गयो । पैसा उडायो त्यस पछि उसको जीवनमा खतरनाक स्थीति आयो खाना छैन पैसा छैन धेरै नै दुख पायो सुङगुरको खाना खान पर्ने भयो

लुका १५:१७ [17]तब उसले आफूलाई मूर्ख भएको अनुभव गरयो। उसले भन्यो, मेरा बाबुको जति नोकरहरू छन् तिनीहरूकोमा आवश्यक भन्दा वेशी खाना छ । तर म यहाँ भोकले मर्न लागेको छु।

उसको चेत खुल्यो मतलब उसलाइ उसको बाबाको बारेमा ज्ञान थियो । र उसले भन्यो मेरो बाबाको घरमा धेरै नोकरहरु छन् जसले मेरो यस खाना भन्दा राम्रो खान्छन् । उसले यि सब कुरा याद गर्‍यो किनकी उसलाइ उसको बाबाको बारेमा थाहाँ थियो । र उ फर्केर आउन सक्यो । यसरी नै हामीलाइ परमेश्वर प्रस्चाताप गरेर फर्केर जानको लागी हामीलाइ परमेश्वरको ज्ञान छ कि छैन ? यदि हामीलाइ परमेश्वरको बचन थाहा छैन भने हाम्रो कसरी चेत खुल्छ ? धेरै इसाइहरु परमेश्वरको ज्ञान नभएको कारण फर्केर आउन नसकेर त्यसै उनीहरुको आत्मा मरेको छ । जब बिश्वासीहरु परमेश्वर बाट टाढा भएर संसारमा गएर सुङगुहरु संग बस्दा त्यति खेर यदि अलिकति मात्र परमेश्वरको ज्ञान छ भने एक दिन पास्टर बाबाले येशुले क्षमा माग्यो भने क्षमा दिनुहुन्छ । र उहाँ दयालु र प्रेमिलो हुनुहुन्छ । भनेर भन्नु भएको थियो । र उसले प्रार्थना गरेर प्रभु मलाइ क्षमा गर्नुस् र मलाइ यस नरक बाट बचाउनुस् भन्ने ज्ञान त हामी संग हुनुपर्छ । ज्ञानको कमिको कारण मेरो जनको नास हुदैछ भनेर परमेश्वर भन्नुहुन्छ । उडाउ पुत्रको ज्ञान उसको बाबाको बारेमा असल र सहि थियो । ज्ञान सहि नभएको भए त उसले मेरो बाबाले मलाइ माफ गर्दैन । भनेर साचेको भए उ मर्ने थियो ।

१ इतिहास १५:३ [3]धेरै समयसम्म इस्राएल सत्य परमेश्वर बिहीन थियो। अनि तिनीहरू शिक्षा दिने पूजाहारी बिहीन र नियम बिहीन थिए

संसारमा धेरै परमेश्वरहरु छन् तर हामीलाइ साचो परमेश्वरको ज्ञान हुनुपर्छ । मलाइ माफ गर्ने र मायाँ गर्ने परमेश्वर यो हो भनेर जान्न जरुरी छ । संसारमा धेरै देवताहरु छन् । हामी इण्डियाको बारेमा छोडौ हामी रोमको ग्रिकको देवताहरु को बारेमा कुरा गरौ । यदि रामीहरु र ग्रिकहरु गरिब भयो भने उनीहरु उनीहरुको देबता सम्म जान सक्दैन उनीहरुको देबता संग जानको लागी केहि न केहि त दिनु पर्छ होइनभने उनीहरुको देवताको पासमा गएर बिन्ति गर्न सक्दैन । भिखारी के दिन सक्छ ? त्यसकारणले साचो परमेश्वरको ज्ञान हुन जरुरी छ । साचो परमेश्वरको ज्ञान छैन भने भिखारीहरु गरीबहरु सबै नरकमा पुग्छ । परमेश्वरले भन्नुहुन्छ म गरीबहरु को लागी आए ।

लुका १५:१८ [18]म उठ्छु अनि यहाँबाट बाबुकहाँ जान्छु अनि म उनलाई भन्नेछु हे पिता! मैले परमेश्वर अनि तपाईंको अघि पनि पाप गरें

यो सबै कुरा उडाउ पुत्रको मनमा चल्दैछ । ज्ञान भनेको मनमा हुन्छ । बाबाको ज्ञान अब उसको मनमा आउदैछ । त्यस पछि उसको मन बदलियो र उसले मनमा भन्यो अब म मेरो बाबाको घरमा जान्छु । त्यसकारणले यदि हाम्रो मन बदलेन भने केहि कुरामा पनि बदल्न सकिदैन । उद्धारको मुख्य भाग भन्यो भने मनको परिबर्तन हो । सुनेको कुरा मनमा हुनु पर्छ र पहिला मनमा परिवर्तन् हुनुपर्छ त्यस पछि मात्र त्यो बाहिर कियामा देखा पर्छ । १२ बर्ष रक्तस्राब भएको स्त्रीले येशुको बारेमा पहिला सुनि येशु एकदम दयालु हुनुहुन्छ र चमत्कारको काम गर्नुहुन्छ त्यसैले गएर येशुको कपडा छुन सकि नत्र भने व्यबस्थाको अनुसार त रक्तस्राब भएको स्त्री अरुलाइ छुन सक्दिन र त्यस्तो स्त्री असुद्ध हुन्छे । र पनि उसले येशुको बारेमा उसले राम्रो कुरा सुनेको हुनाले उसलाइ येशुको प्रकास उसको मनमा आयो जसको कारणले उसले मनमा सोची कि म उहाँको कपडाको कुनामा गएर छुन्छु । यसरी यस स्त्रीको मनमा पहिला परिबर्तन भयो । साचो बिश्वास भनेको साचो परमेश्वरको ज्ञान हुनु हो ।त्यसकारणले साचो परमेश्वरलाइ देखाउनको लागी येशु यस संसारमा आउनु भयो । मान्छेहरुले भने बाबा परमेश्वर कस्तो हुनुहुन्छ ? भनेर सोधे येशुले भन्नु भयो मलाइ देखेको छ भने मेरो पितालाइ पनि देखेको छ किनकी म र मेरो पिता एकै हो । येशुको पछाडि पापीहरु मात्र गए कारण येशु दयालु हुनुहुन्छ । सबैले थाहाँ पाए ।

लुका १५:२० [20]यसरी त्यो केटो उठ्यो अनि आफ्नो बाबु भेट्न गयो।"जब निकै पर देखि उ आँउदै थियो, त्यसको बाबुले देखे अनि आफ्नो छोरोप्रति बाबूको मनमा खुबै दया जाग्यो। अनि बाबु छोरो भएकहाँ दगुर्दै गएर अँगालो हाले औ म्वाँई खाए।

बिश्वास मात्र होइन बिश्वास आए पछि त्यसको किया पनि हुन्छ । कति बिश्वासीहरु परमेश्वरको ज्ञान छ तर ज्ञानमा नै सिमित रहन्छन् उठेर जादैनन् । बिश्वासको किया छैन । बिश्वासको एउटा किया छ कियाले मात्र उद्धार आउछ । अगमबक्ताको मुख बाट एउटा बचन आयो भोलि यो समयमा अनिकाल सकिन्छ । गधाको टाउको खाएको मान्छेहरु भोलि त पुरा खाना हुन्छ । परमेश्वर र सैतान दुबै जनाले हामीहरुको मनमा एउटा सोच लिएर आउन सक्छन् ।

२राजा ७: ३-४ [3]शहरको ढोकाको छेऊमा कोर लागेका चार जना मानिसहरू थिए। तिनीहरूले एका अर्कालाई भने, "मृत्युको प्रतीक्षा गर्दै हामीहरू किन यहाँ बसिरहेका छौं[4]सामरियामा खाद्य छैन। यदि हामी शहरमा गयौं भने हामी त्यहाँ मर्ने छौं। यदि हामी बस्यौं भने पनि हामी मर्ने छौं। यसकारण अरामी शिबिरतिर नै जाऔं। यदि तिनीहरूले हामीलाई बस्न दिए भने हामी जिउँदो रहने छौं। यदि तिनीहरूले हामीलाई मारे भने हामी मर्ने छौं।"

यि चार कोर लागेका मान्छेहरु को मनमा एउटा सोच बिचार आयो यतिका दिन सम्म त आएन तर जब परमेश्वरले प्रकास दिनुभयो तब यिनीहरुको जीवनमा यो सोचबिचार आयो ।

[5]यसकारण त्यस बेलुकी चार जना कोरीहरू अरामी शिबिरतिर लागे। तिनीहरू शिबिरको छेउमा पुगे। त्यहाँ कोही मानिस थिएन।
[6]परमप्रभुले अरामी सेनाहरूलाई रथ, घोडा र विशाल सेनाको आवाज सुन्ने बनाउनु भएको थियो। यसर्थ अरामी सैनिकहरूले एका अर्कालाई भने, "इस्राएलका राजाले हामीमाथि आक्रमण गर्नका लागि हित्ती र मिश्रका राजाहरूलाई भाडामा लिएकाछन्।"

आक्रमण नगरी आवाजको भरमा अरामी सेनाहरु डराए । इस्राएलको इतिहास देखि हामी बिश्वासीहरुले केहि सिकेका छैनौ किनकी युक्रेन र रस्साको लडाइमा पनि उपबास बसेर प्रार्थना गरेको भए युद्ध गर्ने त परमेश्वर हो तर गरेनन् किनकी बिश्वास छैन । योहोसापातको जस्तै गरी परमेश्वरमा गएर प्रभु हामी के गरौ ? भनेर भन्नुभयो । सत्य यहि हो अहिले पनि हाम्रो परमेश्वर बदलिनु भएको छैन चाहे ठुलो देशको लागी हो या परिवार को लागी या एउटा ब्यक्तिको लागी हाम्रो परमेश्वर त्यहि परमेश्वर हो । त्यसैले हामीले पनि परमेश्वरमा प्रार्थना गरेमा परमेश्वर हाम्रो लागी लड्नु हुनेछ । सबै भन्दा महत्वपुर्ण कुरा हामीले सुन्नको लागी सिक्नु पर्छ । प्रार्थना आत्मिक हो , धन्यबादको भेटि उठाउने आत्मिक हो , प्रसंसा चढाउनु आत्मिक हो । बिश्वासमा हामी देख्नु पर्छ । जब परमेश्वरले भोलि यो समयमा अन्न सस्तो हुन्छ भनेर भन्नुभयो । त्यति खेर

सेनाहरु त अझै यहि छ भनेर सबै मान्छेहरु ले बिश्वास गरेनन् गरेको भए सबै नाच्ने थिए र परमेश्वरको धन्यबाद चढाउने थिए । बिश्वासको जीवनमा नदेखेको कुरामा बिश्वास गरेर पाए भनेर धन्यबाद चढाउनु हो । त्यो कारणले पावल र सिलास जेलमा हुदा खेरी पनि परमेश्वरको महिमा गरेर हलेलुया भनेर प्रसंसा चढाए परमेश्वरले भन्नुभयो त्यो असल हो । आखाँले देखे पछि त संसारको मान्छेले पनि हलेलुया भन्छ तर असल बिश्वास त परमेश्वरले चमत्कार नगरीकन गर्न सक्नुहुन्छ भनेर विश्वास गर्नु अथवा परमेश्वरले नगरीकन गरीसक्नु भयो भनेर प्रसंसाको भेटि चढाउनु हो । हामी बिश्वासमा सुन्नु पर्छ सुने पछि त देख्नु पर्दैन ।

लुका ५:१७ [17] एक दिन येशूले मानिसहरूलाई शिक्षा दिंदैं हुनुहुन्थ्यो, फरिसीहरू र शास्त्रीहरू पनि त्यहीं नै बसिरहेका थिए। तिनीहरू यरूशलेम, यहूदिया र गालिलका सबै शहरहरूबाट आएका थिए। परमप्रभुले उनलाई निको पार्ने शक्ति दिनुभएको थियो।

परमप्रभुले निको पार्ने शक्ति येशुलाइ दिनुभएको थियो । त्यसैले मान्छेहरु खचाखच भरिएका थिए । बिश्वासले मान्छे निको हुनको लागी सिलिङ पनि तोडे । अर्काको घरको सिलिङ अर्थात छत तोडेर भित्र पसेर येशु संग बिन्ति गर्नु भनेको यिनीहरुको येशु माथिको बिश्वास पक्का थियो कि येशुले निको पार्नुहुन्छ भनेर ।

[19] तर त्यहाँ मानिसहरूको त्यति भीड थियो कि येशू भएकहाँ पुग्नलाई बाटो थिएन। त्सकारण ती मानिसहरू घरको छानामाथि चढे अनि केही झिंगटीहरू हटाएर प्वालबाट त्यो बिमारी मानिसहरूलाई उसको खाटसँगै भीडको बिचमा र येशूको अघि ओह्याले।
[20] तिनीहरूको अटल विश्वास देखेर उहाँले भन्नु भयो, "मित्र, तिम्रो पापहरू क्षमा भयो।"

उनीहरुको बिश्वास येशुले देखेर भन्नुभयो मतलब बिश्वासको एउटा क्रिया हुन्छ । बिश्वास नभएको मान्छेहरुले ढोका झ्याल सबै बन्द गरेका छन् र बिश्वास भएको मान्छेले छत तोड्नु परेको छ । फरिसीहरु र शास्त्रीहरु छन् उनीहरु ज्ञानीहरु थिए । ज्ञान त उनीहरु संग थियो तर बिश्वास भने थिएन । बिश्वास भएका मान्छे त भित्र पनि पस्न पाएका थिएनन् र छत तोड्नु पर्‍यो । यो मान्छेको बिश्वासले गर्दा दुइ वटा कुरा उसले पायो । आत्मिक कुरा पापको क्षमा अर्थात अनन्त जीवन र साथ साथै तत्कालिन शरीरको चङगाइ पनि पायो । हाम्रो आखाँको अगाडि आउने कति बाधाहरु हामीले तोडेर हामी बिश्वासमा अगाडि बढ्छौ भने परमेश्वर हाम्रो बिश्वास लाइ हेर्नु हुन्छ । हाम्रो जविनमा के के बाधाहरु छन् आजै त्यसलाइ तोडेर म परमेश्वरमा अगाडि बढ्नु पर्छ । जब हामी बिश्वासमा छत तोड्छौ हाम्रो बिश्वास येशु देख्नु हुन्छ । र हाम्रो बिश्वास देखे पछि येशु भन्नुहुन्छ तिम्रो पाप क्षमा भयो र तिमीले कहिल्यै अन्त नहुने अनन्त जीवन पायौ । तिम्रो रोग निको भयो तिम्रो समस्या हरायो ।

*प्रार्थना*

*धन्यबाद प्रभु , धन्यबाद , धन्यबाद हामीलाइ यो बिश्वासको जीवन चाहियो प्रभु । तपाइले हामीलाइ आखाँमा चल्नको लागी  होइन प्रभु ।बिश्वासमा चल्नको लागी हामीलाइ बोलाउनु भएको हो । हाम्रो सोच बिचार नै बदल्नु पर्छ प्रभु । संसारीक तरिकामा होइन प्रभु आत्मिक तरिकामा बचनको अनुसार तपाइको चरित्रको अनुसार हाम्रो जीवन जीउनलाइ साहाएता गर्नुस् प्रभु । यो सबै बिन्ति प्रार्थना येशु मशिहको नाममा आमेन ।*